**नेपाल सरकार**

**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना**

**बुद्धनगर, काठमाडौँ**

**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नाम: व्यावसायिक शिक्षा तथा तालिम अभिवृदि परियोजना**
**सूचना सार्वजनिक गरेको अवधि: २०७२।०३।१ देखि २०७२।०५।३१ सम्म**

## १. परियोजनाको स्वरूप र प्रकृति

नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिव, परियोजाना निर्देशकको नेत्रृत्वमा सञ्चालन भैरहेको यस व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि पारियोजना नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीलाई सुदृढीकरण गर्दै गुणस्तरीय तालिम कार्यक्रममा पछाडि परेका युवाहरूको पहुँच बढाउँदै दक्ष र रोजगार योग्य श्रमको आपूर्तिलाई विस्तार गर्नका लागि स्थापना भएको हो। यस परियोजनालाई निर्देशन गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा उच्चस्तरको समन्वय समिति र शिक्षा सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय र सरकारी निकायका प्रतिनिधिहरू रहेको परियोजना कार्यान्वयन समिति रहेको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सदस्य सचिवको अध्यक्षतामा सरकारी र निजी क्षेत्रका प्राविधिक तथा व्यावसायिक तालिम विशेषज्ञ र यस क्षेत्रका अभ्यासकर्ताहरू समेत रहेको एक प्राविधिक सल्लाहकार समितिले यस परियोजनालाई प्राविधिक सहयोग गर्दछ।

### क. परियोजनाको परिचय:

नेपाल सरकार र विश्व बैंकबीच सन २०११ देखि ४ वर्षे शिक्षा मन्त्रालय अन्तरगत रहने व्यावसायिक शिक्षा तथा तालिम अभिवृध्दि (ईभेन्ट) परियोजना कार्यान्वयन गर्न सहमत भएको थियो। यसै अनुसार यस परियोजनाको अवधि जुलाई २०११ देखि अक्टोबर २०१५ सम्म रहेकोमा हाल दुवैको सहमतिमा अप्रिल २०१७ सम्म परियोजनाको अवधि थप भएको छ। यस परियोजनाले मुख्य रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुदृढ बनाउन र उपेक्षित वर्ग एवम् दुर्गम तथा पिछडिएका क्षेत्रमा बसोबास गर्ने युवालाई विशेष लक्षित गरि व्यावसायिक तालिम तथा प्राविधिक शिक्षाको पहुँच बढाउन सहयोग गर्ने कार्यक्रम छ। परियोजनाको समग्र कार्यान्वयन, व्यवस्थापन तथा निर्देशन गर्ने उत्तरदायी तथा जिम्मेवारी निकाय तथा परियोजना व्यवस्थापन गर्न र अन्य मन्त्रालय तथा निकायहरुसँग समन्वय समेतमा शिक्षा मन्त्रालय रहेको छ।

### ख. परियोजनाको उद्देश्य:

सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच बृद्धि गर्नु र नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पद्धतिको सुदृढ बनाउनु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ।

### ग. परियोजनाको लक्ष्य:

व्यावसायिक तालिमलाई रोजगारीसँग आवद्ध गरी नतिजामुखी प्रतिफलका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको कार्यसम्पादन क्षमता र जवाफदेहितामा जोड दिने यो परियोजनाको मुख्य उद्देश्य हो। तालिममा समावेशीकरणको आधारमा नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिलाई सुदृढ गदै अपाङगता

भएका, लोपोन्मुख, सीमान्तकृत, जनजाति, दलित, महिला र गरिव तथा पिछाडिएका लक्षित समुहका युवाहरुको तालिममा पहुँच बढाउदै रोजगार योग्य श्रमशक्ति तयार गर्नु यस परिजनाको लक्ष्य हो ।

## २. कर्मचारी संख्या र कार्य विवरण:

यस परियोजनामा जम्मा २८ जना कर्मचारी कार्यरत रहेका छन र विवरण यस प्रकार छ :

| क्रस | नाम, थर | श्रेणी | पद | कार्य विवरण |
|---|---|---|---|---|
| १ | श्री टेकनारायण पाण्डे | रा.प. प्रथम | परियोजना निर्देशक | परियोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सम्मका सम्पूर्ण कार्यक्रमहरूलाई नेतृत्व प्रदान गर्ने । |
| २ | डा. भोजराज काफ्ले | रा.प. द्वितीय | परियोजना उप-निर्देशक | योजना निर्माण, पारियोजनाका कार्यक्रमहरूको समन्वय गर्ने र अनुगमन गर्ने तथा परियोजना निर्देशकलाई सहयोग गर्ने । |
| ३ | श्री रत्नबहादुर नेपाली | रा.प. द्वितीय | उप-सचिव | वित्तीय व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी वित्तीय व्यवस्थापन कार्यको नेतृत्व गर्ने । |
| ४ | श्री गीता घिमिरे | रा.प. द्वितीय | उप-सचिव | जोड कोष, कार्यसम्पादन कोष अनुदान, छात्रवृत्ति र अनुगमन सम्बद्ध कार्य तथा परियोजना उप-निर्देशकलाई सहयोग गर्ने । |
| ५ | श्री सुजनराज खनाल | रा.प. द्वितीय | उप-सचिव | छोटो अवधिको तालिम व्यवस्थापन तथा परियोजना उप-निर्देशकलाई सहयोग गर्ने |
| ६ | श्री रविप्रसाद शर्मा | रा.प. द्वितीय | उप-सचिव | परियोजनाको कार्यक्रम र वजेट निर्माण, परियोजनासँग सम्बन्धित सूचकहरू तयार तथा परियोजना उप-निर्देशकलाई सहयोग गर्ने । |
| ७ | श्री शोभाकर न्यौपाने | रा.प. तृतीय | प्रोरक्यूरमेन्ट अधिकृत | खरिद योजना तयार गरी व्यवस्थापन गर्ने । |
| ८ | श्री केमनाथ उप्रती | रा.प. तृतीय | लेखा अधिकृत | दैनिक वित्तीय व्यवस्थापन कार्य संञ्चालन गर्ने । |
| ९ | श्री अष्ट लामा | रा.प. तृतीय | अनुगमन अधिकृत | जोड तथा कार्यसम्पादन कोष अनुदान र तालिम अनुगम सम्वन्धी कार्य गर्ने । |
| १० | श्री नेत्रनारायण पौडेल | रा.प. तृतीय | अनुगमन अधिकृत | छोटो अवधिको तालिम (भौचरमा आधारित), तालिम अनुगमन, सूचना तथा नोडल अधिकृत सम्वन्धी कार्य गर्ने |
| ११ | श्री पार्वती कुमारी शर्मा | रा.प. तृतीय | अनुगमन अधिकृत | छात्रवृत्ति र तालिम अनुगमन सम्बन्धी कार्य गर्ने । |
| १२ | श्री प्रविनबाबु भट्टराई | रा.प. तृतीय | अनुगमन अधिकृत | अनुगमन र डाटावेस सम्बन्धी कार्य गर्ने । |
| १३ | श्री जमुना चुदाली | रा.प. तृतीय | अनुगमन अधिकृत | छोटो अवधिको तालिम (नतिजामा अधारित) तालिम अनुगमन सम्वन्धी कार्य गर्ने । |
| १४ | श्री गोविन्दराज शिवाकोटी | रा.प.अनं.प्रथम | प्रशासनिक सहायक | प्रशासनिक सहायकको कार्य गर्ने । |
| १५ | श्री कृण्ण जोशी | रा.प.अनं.प्रथम | अनुगमन सहायक | अनुगमन सहायकको कार्य गर्ने । |
| १६ | श्री कैलास पनेरू | रा.प. तृतीय | क्षेत्रियअनुगमनकर्ता | तालिम अनुगमन सम्बन्धित कार्य गर्ने । |
| १७ | श्री गंगादत्त पनेरू | रा.प. तृतीय | क्षेत्रियअनुगमनकर्ता | तालिम अनुगमन सम्बन्धित कार्य गर्ने । |
| १८ | श्री शिरिषा सुवेदी | रा.प.अनं. प्रथम | कम्प्युटर अपरेटर | हेल्प डेक्स र परियोजना निर्देशकको सचिवालय |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवस्थापन सम्बन्धित कार्य गर्ने। |
| १९ | श्री कृष्णप्रसाद पौडेल | रा.प.अनं. प्रथम | सूचना सहायक | सूचना सहायकको कार्य गर्ने। |
| २० | श्री गोविन्द वजगाई | रा.प.अनं. प्रथम | कम्प्यूटर अपरेटर | कम्प्युटर अपरेटर सम्बन्धित कार्य गर्ने। |
| २१ | श्री प्रमिला भुजेल | रा.प.अनं. प्रथम | लेखा सहायक | लेखा सहायक सम्बन्धित कार्य कार्य गर्ने। |
| २२ | श्री नरेशचन्द्र खनाल | रा.प.अनं. प्रथम | भो. टे. सहायक | भोकेशनल टेक्निकल सहायकको कार्य गर्ने। |
| २३ | श्री टिकाप्रसाद दुलाल | श्रेणीविहीन | सवारी चालक | |
| २४ | श्री राजकुमार अधिकारी | श्रेणीविहीन | सवारी चालक | |
| २५ | श्री सुजन तामाङ | श्रेणीविहीन | सवारी चालक | |
| २६ | श्री सन्तोष भट्टराई | श्रेणीविहीन | कार्यालय सहयोगी | |
| २७ | श्री हिरामाया तामाङ | श्रेणीविहीन | कार्यालय सहयोगी | |
| २८ | श्री चन्द्रवहादुर तामाङ | श्रेणीविहीन | कार्यालय सहयोगी | |

३. परियोजनाबाट प्रदान गरिने सेवाहरू:

परियोजनाबाट प्रदान गरिने सेवाहरू यसप्रकार छन्:-

क) प्राविधिक शिक्षा तथा व्यावसयिक तालिमसँग सम्बन्धित विद्यमान कार्यक्रमलाई सहयोग पुऱ्याउने र उक्त संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,

ख) प्राविधिक शिक्षामा सुधारका लागि तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने,

ग) छोटो अवधिको व्यावसायिक तालिम र पूर्व सिकाई प्रमाणीकरणमा सहयोग र

घ) परियोजना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन।

४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी:

यस सम्वन्धमा माथि तालिकामा उल्लेख भए अनुसार हुने छ।

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस परियोजनाबाट सेवा लिदा कानुनमा तोकिए बमोजिम बाहेक कुनै दस्तुर लाग्ने छैन साथै सेवा प्राप्त गर्ने अवधि प्रक्रिया पुगेकोमा सोही दिन रहेको छ।

६. निर्णय गर्ने प्रकिया र अधिकारी:

सम्वन्धित कार्यक्रमको अधिकृतबाट टिप्पणी उठान गरी विषयवस्तुको संवेदनशीलताका आधारमा वढीमा ४ तहमा निर्णय हुने।

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

सम्वन्धित निर्णय गर्ने तह र अधिकारी भन्दा एक तह माथिल्लो अधिकारी हुने छ।

८. सम्पादन गरेको कामको विवरण: यस परियोजनाले सम्पादन गरिरहेका कार्यहरू यस प्रकार छन:

- योजना र कार्यक्रम विकास र कार्यान्वयन
- छोटो अवधिको तालिम सञ्चालन गर्ने सस्थालाई सहयोग
- जोडकोष अनुदान वितरण
- कार्यसम्पादन अनुदान वितरण
- छात्रबृत्ति वितरण

- संस्थागत व्यवस्थापन क्षमता सुढृढीकरणमा सहयोग
- अनुगमन र मूल्याङ्कन
- आर्थिक व्यावस्थापन सम्वन्धित प्राविधिक निकायसँग सहकार्य

९. सूचना अधिकारी र प्रमुखको नाम र पद:
सूचना अधिकृत: नेत्रनारायाण पौडेल पद: अनुगमन अधिकृत
परियोजना प्रमुख: टेकनारायण पाण्डे पद: परियोजना निर्देशक

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:
परियोजनाका वेवसाइट www.event.gov.np, Publication/ Reports मा हेर्नुहोला।

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:
परियोजनाको वेवसाइट www.event.gov.np, Notice मा हेर्नुहोला।